नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

विज्ञप्ति

नेपाल सरकारले हरेक बर्ष आषाढ १४ गतेलाई राष्ट्रिय वृक्षारोपण दिवसको रुपमा मनाउने घोषणा गरे बमोजिम आज वन तथा वातावरण मन्त्री माननीय कृष्ण गोपाल श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा काठमाडौंको बुढानिलकण्ठ नगरपालिका वडा नं. ८, रुद्रमतिमा वृक्षारोपण कार्यको शुभारम्भ भएको छ। वन तथा भू-संरक्षण विभाग, डिभिजन वन कार्यालय, काठमाण्डौं र बुढानिलकण्ठ नगरपालिकाको संयुक्त आयोजनामा बुढानिलकण्ठ नगरपालिका वडा नं. ८, ९, १०, ११ र १३ स्थित धोविखोला कोरिडोरको करिव ४.२ किलोमिटर क्षेत्रमा ४ फिट भन्दा अग्ला कपुर, चाँप, धूपी, करविर, कल्की, असारे, चेरी, ज्याकाराण्डा प्रजातिका ३२०० भन्दा बढी विरुवा रोपण गरिएको छ। राष्ट्रिय वृक्षारोपण शुभारम्भ कार्यक्रममा वन तथा वातावरण मन्त्री माननीय कृष्ण गोपाल श्रेष्ठज्यूले विरुवा रोप्ने कार्य सहानीय भएको र रोपेको बिरुवा संरक्षणमा हामी सबैले जोड दिनुपर्ने बताउनु भयो। उक्त शुभारम्भ कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका सचिव डा. पेम नारायण कडेंल, वन तथा भु-संरक्षण विभागका महानिर्देशक श्री मन बहादुर खड्का र बुढानिलकण्ठ नगरपालिकाका प्रमुख श्री उद्धव प्रसाद खरेलले वृक्षारोपणको महत्व माथि प्रकाश पार्दै खालि जग्गा, सडक तथा नदी किनारा लगायतका क्षेत्रमा वृहत वृक्षारोपण गरी वातावरण संरक्षण कार्यमा जोड दिनुपर्ने बताउनु भएको थियो। उक्त कार्यक्रममा जनप्रतिनिधि, स्थानीय समुदाय र कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो।

नेपाल सरकारले वि.सं. २०७६ लाई वृक्षारोपण वर्षको रुपमा मनाउने घोषणा गरी आ.व. २०७५/७६ मा ५ करोड विरुवा रोपण गर्न बजेट बिनियोजन गरी वृक्षारोपण महाअभियान संचालन गरेको थियो। वन तथा वातावरण मन्त्रालयको अग्रसरतामा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट वि.सं. २०७६ आषाढ १४ गते कोटेश्वर-कलंकी चक्रपथ सडक खण्डमा ५ फिट भन्दा बढी उचाईका करिब ३२०० सौन्दर्यमूलक बिरुवा रोपण गरी महाअभियानको शुरुवात भएको थियो ।

राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा देशभर सरकारी, गैरसरकारी तथा समुदाय र निजि क्षेत्रबाट समेत वृक्षारोपण कार्य भइरहेको छ। उक्त वृक्षारोपण कार्यमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरु, स्थानीय सरकार, विभिन्न संघ, सस्था र वन समूहहरुको सहभागिता रहेको छ। लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री माननीय शंकर पोखरेलज्यूको प्रमुख आतिथ्यतामा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवलमा २० हजार भन्दा बढी बिरुवा रोपण गरिएको छ। त्यसैगरी प्रदेश नं. २ मा मुख्यमन्त्री माननीय लालबाबु राउतज्यूले धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. ४ मा बर पिपलको रुख रोपण गरी प्रदेश हरित अभियान २०७८ को शुभारम्भ गर्नु भएको छ। यसै गरी सबै प्रदेशहरुमा वृक्षारोपण कार्यक्रमहरु संचालन भैरहेका छन ।

वृक्षारोपण कार्यमा संलग्न सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा वृक्षारोपण र तिनको संरक्षण व्यवस्थापनमा समेत यहाँहरुबाट सहयोग हुने मन्त्रालयले अपेक्षा राखेको छ।

२०७८ आषाढ १४

(डा. बुद्धिसागर पौडेल)
प्रवक्ता